# फिदिम नगरपालिका

# फेदेन-पत्र

खण्डः २ संख्याः ५ मितिः २०७५/०९/०५

**भाग-२**

**फिदिम नगरपालिका**

**१ नं. प्रदेश, नेपाल**


# ज्येष्ठ नागरिक परिचयपत्र बितरण कार्यबिधि, २०७५

मुल्यः रु ५

आज्ञाले,

**घनश्याम उपाध्याय**

प्रमुख प्रशासकीय अधिकृत

फिदिम नगरपालिका

# ज्येष्ठ नागरिक परिचयपत्र बितरण कार्यबिधि, २०७५

कार्यपालिकाबाट प्रमाणिकरण भएको मितिः २०७५/०९/२८

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

१ नं. प्रदेश, नेपाल

फिदिम नगरपालिका

## १ परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान ,सीप,क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा ,आदर तथा सद्भाव अभिबृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एंब सुबिधाको उचित ब्यबस्थापन गरी नेपालको संबिधानको अनुसुचि ८ को क.सं. १६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम फिदिम नगरकार्यपालिकाले ज्येष्ठ नागरिक परिचयपत्र बितरण कार्यबिधि तयार पारी लागु गरेको छ ।

## २. परिचयपत्र बितरणका आधार :

नेपालको संबिधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्बन्धि नियमावलि २०६५ को नियम १५ अनुसार र स्थानिय सरकार सांचलन ऐन २०७४को परीच्छेद ३ को धारा ११ को त दफा २ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने ब्यबस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र बितरणका आधार हुनेछन् ।

## ३. उद्धेश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसुचि २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गिकरण अनुसार सार्बजनिक सवारी साधन ,सार्बजनिक कार्य ,स्वास्थ्य सेवा ,धार्मिक तथा सार्बजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आबश्यक सेवा सुबिधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन , नियम अन'सार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा ,न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान ,सीप,क्षमता र अनुभवको सदुपयोग गरी बिकास प्रकृयामा सहभागि गराउने ।

## ४.लक्षित बर्ग :

ज्येष्ठ नागरिक सम्बन्धि ऐन,२०६३ ले परिभाषित गरे अनुसार साठी बर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

फिदिम नगरपालिका

## ५. ज्येष्ठ नागरिकहरुको बर्गिकरण :

ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम गरिएकोछ :

क) साठी बर्ष पुरा गरी सत्तरी बर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

ख) सत्तरी बर्ष उमेर पुरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ।

ग) असहाय ज्येष्ठ नागरिक ।

घ) अशक्त ज्येष्ठ नागरिक ।

ङ) एकल ज्येष्ठ नागरिक ।

## ६. परिचयपत्र बितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिनेछ ।

## ७. ज्येष्ठ नागरिकलाई परिचयपत्रको ढाँचा :

ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूचि १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडी पट्टी अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ

## ८. परिचय पत्र बितरण प्रकृया :

क) ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी बर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वंय वा निजको संरक्षकले सम्बन्धित स्थानिय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको  पदाधिकारी ह'नेछ ।

घ) परिचयपत्र पाप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराईज गरी नगरपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचयपत्र को प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारीस वा वडाको सिफारीस सहित फिदिम नगरपालिकामा निबेदन पेस गर्न' पर्नेछ ।

फिदिम नगरपालिका

अनुसूची १

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय पाँचथर

१ नं. प्रदेश,नेपाल

ज्येष्ठ नागरिक परिचयपत्र

Senior Citizenship Card

फोन नं. ०२४-५२०१०७

# फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर, १ नं. प्रदेश, नेपाल

क्र.स.:

## ज्येष्ठ नागरिक परिचय-पत्र

नाम थर :

ना.प्र.नं. :

ठेगाना :

वडा नं. : टोल/गाउँ :

उमेर : लिङ्ग :

उपलब्ध छुट तथा सुविधाहरु :

पति/पत्नीको नाम :

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :

---

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम थर :

सम्पर्क ठेगाना :

रक्त समूह :

रोग भए रोगको नाम :

सेवन गरिएको औषधिको नाम :

**प्रमाणित गर्ने अधिकृतको**

कार्यालयको छाप

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

अनुसुचि २

ज्येष्ठ नागरिक परिचयपत्र अभिलेख बिबरण

जिल्ला पाँचथर फिदिम नगरपालिका  प्रदेश नं. १

| सि.न. | नाम थर | जन्म मिति | ब'वा आमाको नाम थर | वाजेको नाम थर | पति पत्नीको नाम थर | संरक्षकको नाम थर | ना.प्र.प.नं. र जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचयपत्र नं.र जारी मिति र जिल्ला | कैफियत फोटो, सहि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

नाम,थर

पद :

प्रमाणित गर्ने

नाम,थर

पद :

फिदिम नगरपालिका